नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेल: municipal@mld.gov.np

प.सं. २०७१।७२
च.नं. 80

मिति:-२०७१।०६।२६

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री पोजना
कमाण्डिङ टोलीलाई ... र आ. कृ.
०७१।६।२९

**श्री काठमाडौं महानगरपालिका कार्यालय,**
**श्री विराटनगर, पोखरा, ललितपुर, वीरगञ्ज उपमहानगरपालिका कार्यालय,**
**श्री १२५ वटै नगरपालिका कार्यालय ।**

मिति २०७१/०५/०८ गते माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०७१/०७२ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रम र ठूला आयोजनाहरुको कार्यान्वयन कार्ययोजना सम्बन्धमा छलफल सम्पन्न भई उक्त कार्यक्रममा भएका निर्णयको प्रतिलिपि प्राप्त भएकोमा तपसील बमोजिमका बुँदाहरु तहाँसंग सम्बन्धित देखिएकोले प्रभावकारी कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गर्दछु ।

**तपसील:**

१. अनुगमन कार्यलाई तीब्रता दिने र समस्याको समाधान तत्काल गर्ने । अन्तर निकाय समन्वय आवश्यक परेमा तत्कालै अग्रसरता देखाई समस्या समाधान गर्ने ।
२. योजनाको कार्यान्वयन समय सीमा र गुणस्तरमा ध्यान दिने । गुणस्तरमा सम्झौता नगर्ने, खर्चको उचित प्रतिफल प्राप्त भएको हुनुपर्ने ।
३. काम गर्दा Reform Oriented, Development Oriented and Investment Oriented भएर गर्ने । योजना र बजेटले अंगीकार गरेका लक्ष्य र उद्देश्य पूरा गर्न सहयोग पुग्ने गरी काम गर्ने । प्रक्रिया उन्मुखभन्दा नतिजा उन्मुख भएर अघि बढ्ने ।
४. नगरपालिका अन्तर्गत रहेका सम्पत्तिको अभिलेख अद्यावधिक गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयमा पठाउने ।
५. आर्थिक वर्षको अन्त्यमा कार्यक्रम स्वीकृत नगर्ने, रकमान्तर एवं थप रकम उपलब्ध नगराउने । आर्थिक वर्षको अन्त्यमा मात्र खर्च नगरी आर्थिक वर्षको शुरुदेखि नियमित र समानुपातिक रुपमा खर्च गर्ने ।
६. अर्थ मन्त्रालयले उपलब्ध गराएको अख्तियारीमा दिइएका सुझाव/निर्देशनहरुको पालना गर्ने ।

(केशवराज पौंर्धे)
शाखा अधिकृत